# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११ ] काठमाडौं, वैशाख २६ गते २०१८ साल [ संख्या ४७

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले निर्णय गरी जारी गरेको मर्यादा क्रममा देहायमा लेखिए बमोजिम संशोधन गरेको छ ।

१. साबिक नं. १६ को सट्टा निम्नलिखित नं. १६ राखिएको छ—१६ श्री ५ को प्रमुख सैनिक सचिव, श्री ५ को प्रमुख सचिव, श्री ५ को प्रमुख निजी सचिव, श्री ५ को प्रमुख स्वकीय सचिव, भू. पू. प्रधान सेनापति, ले. ज., श्री ५ को ए. डि. सि. (अनरेरि) जनरल, श्री ५ को सचिवहरू, श्री ५ को सरकारको सचिवहरू, उपत्यकान्चल कमिश्नर, श्री ५ को सरकारका विशिष्ट श्रेणीका निजामती कर्मचारीहरू, एकेडेमिका सदस्यहरू ।

२. साबिक नं. २१ को सट्टा निम्नलिखित नं. २१ राखिएको छ—२१ कर्णेल, एस्. एस. पि.

३. साबिक नं. २२ र २३ लाई क्रमशः २३ र २४ गरी निम्नलिखित नं. २२ थपिएको छ—२२ ले.क., एस. पि. ।

४. साबिक स्पष्टीकरण (१) को पहिलो हरफमा रहेको क्रम संख्या १६ को सट्टा क्रम-संख्या १७ राखिएको छ ।

आज्ञाले—
(मे.ज. क्षेत्रविक्रम राणा)
श्री ५ को सरकारको सचिव
गृह मन्त्रालय ।



69

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

गोरखापत्र तथा गोरखापत्र छापाखानाको सन्चालन र विकासको निमित्त निम्नलिखित अध्यक्ष र सदस्यहरू भएको एक अधिकार सम्पन्न छापाखाना सन्चालन समिति गठन गर्ने गरी श्री ५ को सरकारबाट मिति २०१७।१२।१३।१ मा निर्णय भएकोछ ।

| | |
|---|---|
| (१) श्री डाइरेक्टर, प्रचार तथा प्रसार विभाग | अध्यक्ष |
| (२) श्री प्रधान सम्पादक, गोरखापत्र छापाखाना | सदस्य |
| (३) श्री डाइरेक्टर राष्ट्रिय निर्देशन | सदस्य |
| (४) श्री पूर्णप्रसाद, जनसम्पर्क अफिसर | सदस्य |
| (५) श्री मेनेजर गोरखापत्र छापाखाना | सदस्य सचिव |

सो समितिले देहायको कामहरू गर्नसक्नेछ ।

(१) छापाखानाको बजेट निर्धारण गर्ने, स्वीकृत बजेटको सम्पूर्ण वा आंशिक रकमको राष्ट्रबैंकमा खाता खोली त्यसको संचालन गर्ने।

(२) छापाखानाको लागि आवश्यक मेसिन माल सामान कागज मसी र उपयोगका सबै सामानहरू खरीद गर्ने ।

(३) छापाखानाको मेसिनहरू मालसामानहरू घर आदिको मरमत तथा थपघट गर्ने ।

(४) छापाखानाको खर्चको लागि बजेटमा समावेश भएको रकम निकासा दिने र खर्चको फांटवारी एकाउन्टेन्ट जनरलबाट जचाई एकाउन्टेन्ट जनरल अफिसको ठहर बमोजिम भिन्हा दिने ।

(५) छापाखानाको लागि प्राविधिक पदहरूको अस्थायी दरबंदी निकासा दिने र आवश्यकतानुसार मेहताना दिई काम गर्ने गरी कामदारहरू भर्ना गर्ने।

(६) कुनै माल सामान खरीद गर्नुपर्दा वा मरमत गर्नुपर्दा समितिले आवश्यकतानुसार स्वीकृत बजेट रकमको दश प्रतिशत घटाघट वा बढाबढ नगराई माल सामान खरीद गर्ने वा मरमत गर्न सक्ने ।

(७ (क) अर्थ मन्त्रालयको स्वीकृत बजेटको सम्पूर्ण अंक चार किस्ता गरी समितिलाई निकासा दिने ,

(ख) स्वीकृत बजेट भित्र तलब भत्ताको रकम बाहेक समितिले कुनैं रकमको २५ प्रतिशतसम्म रकमान्तर गरी काम चलाउन सक्ने ।

(८) समितिले आवश्यकतानुसार कामको बाँडफाँट र आफ्नो अधिकार प्रत्यायोजन गर्नें सक्ने

67

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) समितिले गोरखापत्रको संचालन र विकासको लागि श्री ५ को सरकारमा सुझाउ पेश गर्ने ।

(१०) उपरोक्त कुराहरू कार्यान्वित गर्न चाहिने अरू निकासा सम्बन्धित विभागीय मन्त्रीले दिने ।

आज्ञाले–
क्षेत्रविक्रमराण
श्री ५ को सरकारका सचिव
गृह मन्त्रालय,

श्री ५ को सरकार

## गृह मन्त्रालयको विज्ञप्ति

खण्ड १० फागुन ८ गते ०१७ अतिरिक्तांक २५ भाग ४ नेपाल गजेटमा प्रकाशित गृह तथा स्वायत्त शासन मन्त्रालयको विज्ञप्ति २ खण्ड अंचल (डोटी कैलाली)मा खटिएका विशेष अधिकार सम्पन्न दौडाहाको अध्यक्ष पदमा श्रीभरतमणिको सट्टा श्री भूदेव राईलाई मुकरर गर्ने श्री ५ को सरकारबाट निर्णय भएको छ ।

आज्ञाले–
(मे. ज. क्षेत्रविक्रम राण')
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय

श्री ५ को सरकार

## गृह मन्त्रालयको विज्ञप्ति

विशेष अधिकार सम्पन्न दौडाहा जिल्ला दौडाहामा लिफा वापतको टिकट टांसी ल्याउन नसक्ने अवस्थाकाले टिकट नटांसी पनि निवेदन पत्र दिन ल्याउने सम्भावना भएकोले निवेदन पत्रमा टिकट टांस्न नसक्ने अवस्थाको भन्ने जिल्ला दौडाहाका अध्यक्षले निस्सा लगाई दिएजतिमा टिकट टांसे सरह गरी कारवाइ गर्ने गराउने श्री ५ को सरकारले तिर्णय गरेको छ ।

आज्ञाले
(मे, ज. क्षेत्रविक्रम राणा)
श्री ५ को सरकारको सचिव
गृह मन्त्रालय

63

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

68

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।